# मिति २०७६।०४।३२ गतेको फिदिम नगर कार्यपालिकाको निर्णयहरु

**निर्णय नं. १ :** गत वैठकवाट विधायन समितिमा छलफलका लागि पठाईएका विभिन्न निर्देशिकाहरु वैठकमा दफावार छलफल हुँदा देहाय वमोजिमका निर्देशिकाहरु पारित गर्ने निर्णय भयो ।

क) फिदिम नगरपालिकामा साना सवारी दर्ता नविकरण तथा व्यवस्थापन कार्यविधि २०७६

ख) खर्चको मापदण्ड सम्वन्धि निर्णय तथा कार्यविधि २०७६

ग) फिदिम नगरपालिकाको वजार क्षेत्र भित्रको यातायात व्यवस्थापन तथा पार्किङ कार्यविधि २०७६

घ) भवन निर्माण ईजाजत कार्यविधि २०७६

**निर्णय नं. २ :** फिदिम नगरपालिकाको आर्थिक ऐन २०७६ लाई संशोधन गर्न वनेको निम्नानुसारको विधेयक २०७६ लाई नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** चालु आर्थिक वर्षमा सन्चालन हुने वडास्तरीय योजनाहरुको लागग ईस्टिमेट तथा कार्यक्रम प्रस्तावना नगरपालिकावाट स्विकृत भए पछि त्यस्ता योजनाहरुको सम्झौता सम्वन्धित वडाध्यक्षहरुवाट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** फिदिम नगरकार्यपालिकाको आर्थिक ऐन २०७६ ले सो ऐन कार्यान्वयन गर्न नगरकार्यपालिकाले कर असुल गर्न कार्यविधि वनाउन सक्ने अधिकार दिएकोमा सो वमोजिमको कार्यविधि तयार नहुन्जेल सम्मको लागि देहाय वमोजिम गर्ने निर्णय गरियो ।

क) आर्थिक वर्षको पहिलो तीन महिना सम्म कर वुझाउने करदातालाई १०% कर छुट दिने ।

ख) नगरपालिकावाट लगाईएका ठेकाहरुमा वार्षिक कवोल अंक सम्झौताका वखत एकै पटक वुझाउन आएमा १०% छुट दिने ।

**निर्णय नं. ५ :** यस नगरपालिकामा हुने उत्पादन हुने कवाडी वस्तुहरुको संकलन र विक्री गर्न लिलाम ठेका आह्वान गर्ने र यस आ व को लागि ठेका अंक रु ६ लाख कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :** यस नगरपालिकाको सिद्धदेवी मन्दिर नागिन पिपलवोटेको विद्यालय कम्पाउण्डवाल पूर्णरुपमा क्षतिभएकोले वडा कार्यालयको सिफारिस प्रहरि चौकिको सर्जमिन सहित सम्वन्धित विद्यालयले उक्त वाल मर्मत गरिपाउन आवेदन गरेको हुँदा प्राविधिक स्टिमेट गराई सम्वन्धित १०% लागत सहभागिता हुने गरी मर्मतका लागि रकम उपलव्ध गराउने निर्णय गरियो ।